"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं. ०७९/०८०/प्रशासन
च.नं. 2319

मिति-२०७९/१२/३०

विषय : **वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सम्बन्धमा।**

श्री सम्बन्धित सबै,

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनुपर्ने प्रावधान रहेको छ। वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित र भरपर्दो बनाई स्थानीय तहसम्म पहुँच अभिवृद्धि गर्न मिति २०७९/१२/१६ गतेको नेपाल सरकारको (सम्माननीय प्रधानमन्त्री तथा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री स्तरीय) निर्णयानुसार वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्ने कार्य स्थानीय तहको रोजगार सेवा केन्द्रबाट हुने भएकाले मिति २०८० वैशाख ३ गतेदेखि यस नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

(मिलन भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री वडा कार्यालय सबै, सूर्योदय नगरपालिका, फिक्कल, इलाम। (आवश्यक जानकारीका लागि वडास्तरमा सूचना प्रकाशन गर्नुहुन)।